ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

**मंसीर ८ र ९, २०७० । धनगढी, कैलाली**

**प्रस्ताव क्रमाङ्क-१**

### देशको वर्तमान शैक्षिक अवस्था

कुनै पनि राष्ट्रको सामाजिक, सांस्कृतिक राजनीतिक एवं आर्थिक विकासमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । व्यक्ति, समाज, राष्ट्र एवं समग्र विश्व निर्माणको आधारशिला नै शिक्षा हो । हरेक राष्ट्रले आफ्नो राष्ट्रमा आवश्यक जनशक्ति निर्माणका लागि शिक्षाको क्षेत्रमा अरबौं लगानी गरिरहेको हुन्छ । साथै उक्त जनशक्ति निर्माणका लागि सोही अनुसारको शिक्षाप्रणाली एवं शिक्षानीति निर्माण गरेको हुन्छ । तसर्थ उपयुक्त शिक्षानीति र प्रणाली कार्यान्वयनका लागि राज्यले आवश्यक लगानीका साथै उपयुक्त पाठ्यक्रम निर्माण गर्नु जरूरी छ । वर्तमान परिवेशलाई हेर्ने हो भने Genaral Agreement and Trade in Services (GATS) को परिधिभित्र शिक्षालाई राखिएको कारणले दिन प्रतिदिन शिक्षामा व्यापारीकरण बढिरहेको छ । शिक्षा सेवाको वस्तु भन्दा पनि व्यापारको क्षेत्र बनिरहेको छ साथै ठूला ठूला व्यापारीहरुका लागि कालो धनलाई सेतो बनाउने माध्यम पनि । शिक्षा क्षेत्रमा कुल बजेटको १७ प्रतिशत रकम लगानी हुँदा पनि सरकारी शिक्षा क्षेत्रमा लगानी अनुरुप विकास हुन सकिरहेको छैन । देशको भौगोलिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक अध्ययन, प्रयोगात्मक शिक्षा एवं व्यावहारिक पाठ्यक्रमका साथै देशको माटो सुहाउँदो पाठ्यक्रम निर्माणमा न त शिक्षाविद्को नै ध्यान पुग्न सकिरहेको छ न त सरकारको नै । विदेशी आइ.एन.जि.ओ. र एन.जि.ओ.को प्रभाव र निर्देशनमा रही निर्माण भइरहेका पाठ्यक्रम र शिक्षानीतिले युवावर्गलाई विदेशमुखी एवं पलायनवादी बनाइरहेको छ । जसको प्रभाव स्वरुप युवामा पलायनवादी सोच, विदेशी कुसंस्कृतिको बढ्दो प्रभाव, नैराश्यता र हिनताबोध जस्ता दुष्परिणामहरु देखिइरहेका छन् । एकातिर शिक्षामा चरम दलीय राजनीतिक प्रभावले गर्दा शैक्षिक जगत् दिनप्रतिदिन धरासायी र विकृतजन्य बनिरहेको छ । मात्र उत्तीर्ण प्रतिशतमा मात्र सबैको ध्यान केन्द्रित हुँदा असल, चरित्रवान्, नीतिवान् एवं अनुशासित व्यक्ति निर्माण भन्दा पनि हातमा सर्टिफिकेट बोकेका Robert Minded विद्यार्थी उत्पादन हुँदैछन् । समाजमा जति साक्षता प्रतिशत बढ्दै छ । समाजमा त्यति नै आपराधिक घटनामा युवापुस्ताको संलग्नता बढिरहेको छ । स्थायी र अस्थायी शिक्षक बीचको भेदाभावपूर्ण व्यवहारले शिक्षकहरु कक्षा छोडेर आन्दोलनमा होमिइरहेका छन् । परीक्षा प्रणालीमा कुनै सुधार हुन सकेको छैन । जसको परिणाम स्वरुप शिक्षा क्षेत्रमा एकातिर लगानीको प्रतिशत दर बढ्दै छ भने त्यतिनै निराशाजनक वातावरण सिर्जना पनि भएको छ जस प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार एवं शिक्षामन्त्रालयको ध्यानाकर्षण गराउँदै शिक्षामा सुधारका लागि निम्न बमोजिम मागहरु समेत पेश गर्दछ ।

- शिक्षा मन्त्रालयले देशका विभिन्न माध्यामिक विद्यालयलाई उच्च माविमा लाने योजना अनुसार त्रिभुवन विश्वविद्यालयले आफ्नो प्रवीणता प्रमाणपत्र तह खारेज गरी अन्य तह मात्रै सञ्चालन गर्दै आइरहेको छ । एकातिर राज्यले माध्यामिक विद्यालयलाई उच्च माध्यामिक विद्यालयमा लैजान भौतिक पूर्वाधारहरु खडा गरी सरकारी दरबन्दी दिनुको साटो उल्टै प्रवीणता तह खारेज गरी विद्यार्थीहरुलाई महंगो शिक्षा ग्रहण गर्न बाध्य पारिरहेको छ । जसले गर्दा सरकारी उच्च शिक्षाको गुणस्तर खस्कन गई निजी श्रोतबाट सञ्चालित कलेजहरु फस्टाउँदै गइरहेका छन् । मावितहका विद्यालयमा उचित भौतिक सुविधा एवं आवश्यक दरबन्दी नहुँदा उच्च मावि सञ्चालनमा कठिनाइ भइरहेको छ तसर्थ तत्काल उच्च माविमा भौतिक पूर्वाधारका लागि आवश्यक रकम र विषय अनुसारका सबै शिक्षकहरुको दरबन्दी यथाशिघ्र उपलब्ध गराई सहज र सरल तथा कम शुल्कमा पढ्न पाउने विद्यार्थीहरुको मौलिक हक सुनिश्चित गर्नको लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसँग जोडदार माग गर्दछ ।

- वर्तमान परिवेशमा विश्वविद्यालयका गतिविधिहरुलाई नियाल्दा अबको केही बर्ष पछाडि योग्य प्राध्यापक खोज्नको लागि विदेश धाउनुपर्ने अवस्था देखिँदैछ । योग्य प्राध्यापकहरुको समयावधि सकिँदै जानु अयोग्य प्राध्यापकहरुको राजनीतिक भागबण्डामा नियुक्ति हुँदै जानु, क्याम्पसमा जागिरका निम्ति लामो समय सम्म विद्यार्थीहरुले राजनीति गर्नु, विश्वविद्यालयले कुनै पनि शैक्षिक क्रियाकलाप नियमितरुपमा सञ्चालन गर्न नपाउनु वा नगर्नु, विद्यार्थीहरुको शक्ति रचनात्मक एवं सिर्जनात्मक कार्यमा प्रयोग हुनुमा भन्दा पनि नकारात्मक ध्वंसात्मक कार्यमा प्रयोगमा वृद्धि हुँदै जानु, सानातिना मागहरुले विश्वविद्यालय बन्द गर्ने परिपाटीले योग्य विद्यार्थीको उत्पादनमा ह्रास हुँदै जानु, नयाँ खोलिएका विश्वविद्यालयमा उचित दरबन्दी एवं लगानी छुट्याउन नसक्नु, आदि कारणहरुले गर्दा दिनप्रतिदिन विश्वविद्यालयको साख पनि खस्किँदै गइरहेको छ । तसर्थ यी सम्पूर्ण गतिविधिहरुलाई तुरुन्त सच्याउँदै

विश्वविद्यालयमा बढ्दो दलीय राजनीतिक प्रभावलाई कम गर्न, नयाँ खोलिएका विश्वविद्यालयलाई स्वायत्तता प्रदान गर्दै शैक्षिक गतिविधि सञ्चालन हुने वातावरण सिर्जनाका गर्नका लागि एवं विश्वविद्यालयको गरिमालाई बढाउनको लागि तुरुन्त ठोस कदम चाल्न परिषद्को यो केन्द्रीय कार्यकारिणी समिति बैठक सरकारसँग जोडदार माग गर्दछ।

- ❖ समाजमा बढ्दै गइरहेको नैतिक संकटलाई कम गर्न एवं बढ्दै गइरहेका आपराधिक एवं अमानवीय गतिविधिहरुको मुख्य कारण नैतिक शिक्षाको अभाव एवं कमीको कारणले हो भन्ने परिषद्को ठम्याइ छ । साथै विगत लामो समयदेखि परिषद् नैतिक शिक्षाको विषयमा सरकार एवं शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउँदै आइरहेको छ। पुनः यो केन्द्रीय कार्यकारिणी समितिको बैठक हरेक शैक्षिक तहमा नैतिक शिक्षा अनिवार्यरुपमा लागू गर्नका लागि सरकार एवं शिक्षामन्त्रालय समक्ष जोडदार माग गर्दछ।

- ❖ शिक्षा जस्तो पवित्र क्षेत्रमा राजनीतिक हस्तक्षेप बन्द गर्नु पर्नेमा उल्टै विभिन्न दलका भ्रातृ विद्यार्थी संगठनहरुले एस.एल.सी भन्दा मुनिका विद्यार्थीहरुलाई संगठनका रुपमा विभाजन गरी विद्यालयमा प्रतिकुल वातावरण सिर्जना गर्न लगाई शिक्षा क्षेत्रलाई असम्मान व्यवहार गर्न सिकाइएकाले यस्ता कार्यहरुलाई तुरुन्त रोक्नका लागि मावि स्तरमा कुनै पनि दलीय संगठनलाई प्रवेश निशेष गर्ने नीति निर्माण गर्दै त्यसलाई तुरुन्त कडाइका साथ कार्यान्वयन गर्नका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार एवं शिक्षामन्त्रालय समक्ष जोडदार माग गर्दछ।
- ❖ स्ववियु निर्वाचनका विषयमा विद्यार्थी परिषद्ले राख्दै आएका केही मागहरु (नियमित विद्यार्थी मात्र चुनाव लड्न पाउने, उमेद्वारको उमेरको हदबन्दी हुनु पर्ने, निर्वाचन अगाडि भर्ना प्रक्रिया रोक्नु पर्ने आदि) सम्बोधन भएता पनि अन्य मागहरु यथावतै रहेकाले ती मागहरु पुरा गर्न र आगामी स्ववियु चुनाव सुव्यवस्थित र वैज्ञानिक ढङ्गबाट सम्पन्न गर्न विद्यार्थी परिषद् माग गर्दछ । साथै विभिन्न विद्यार्थी संगठनको अवाञ्छित एवं अमर्यादित गतिविधिको कारणले रोकिएको स्ववियु चुनाव पुनः तुरुन्त गराउनका लागि समेत परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ।

- ❖ विश्वका सबै भाषाहरुको जननीको रुपमा रहेको संस्कृत भाषाको विकास एवं विस्तारका लागि खोलिएको नेपाल संस्कृत विश्वविद्यालयमा नेपाल सरकारले बार्षिक करोडौं रुपैंया लगानी गर्दै आइरहेता लगानी अनुसारको प्रतिफल विश्वविद्यालयले दिन सकिरहेको छैन। साथै उच्च शिक्षा हासिल गर्नका लागि आउने विद्यार्थीहरुको उत्पादन स्थल संस्कृत मावि एवं गुरुकुलहरु प्रति सरकार एवं शिक्षामन्त्रलायको ध्यान पुग्न सकिरहेको छैन। तसर्थ नेपालका सम्पूर्ण संस्कृति र सांस्कृतिक धरोहरहरुको रक्षार्थ, संस्कृत भाषाको विकासका लागि खेलिएका सरकारी स्तरका संस्कृत माविहरु, अर्ध सरकारी संस्थाहरु बाट सञ्चालित संस्कृत मावि/उमाविहरुमा एवं गुठीहरुद्वारा सञ्चालित गुरुकुलहरुमा आवश्यक दरबन्दीको व्यवस्था मिलाई यस्ता शैक्षिक क्षेत्रहरुको संवर्द्धन तथा प्रवर्द्धन गर्नको लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ।

- ❖ नेपाललाई धर्मनिरपेक्ष राष्ट्रकारुपमा घोषणा गरिए लगत्तै धर्मनिरपेक्षताका नाममा अन्य धर्महरुले कानुन विपरीत धर्मान्तरणको कार्य गर्दै आइरहेका छन् र त्यस्तो गतिविधि गर्न विशेष गरी शैक्षिक क्षेत्र विद्यार्थीहरुलाई प्रयोग गरिँदै आइरहेको छ। साथै पर्यटकका नाममा नेपालमा भित्रिएर दुर्गम गाँउमा विद्यालयमा प्रवेश गर्दै खुलेआम धर्मको प्रचार प्रसार गर्दै प्रलोभनमा पार्ने कार्यहरु तीब्ररुपमा बढिरहेको प्रति परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ । त्यसैगरी अबोध बालबालिकालाई पुस्तक वितरण गर्ने नाममा बाइबल, इशुका सन्देश एवं नेपाली संस्कृति र परम्परा विरोधी गतिविधिका पुस्तकहरु वितरण गर्ने कार्य नेपालका प्रायः विद्यालयमा भइरहेको छ, त्यस्ता विभेदपूर्ण र पूर्वाग्रही गतिविधिको निगरानी गरी तुरुन्त अन्त्य गर्नका लागि परिषद्को यो बैठक सरकारसमक्ष जोडदार माग गर्दछ।

    - ❖ नेपाल सरकारले वितरण गर्दै आइरहेको छात्रवृत्ति वितरण प्रणालीमा निजी विद्यालय र सरकारी विद्यालयका विद्यार्थी बिचमा देखिएको विभेदपूर्ण नीतिप्रति परिषद् आपत्ति प्रकट गर्दछ। सरकारको विभेदपूर्ण नीति कै कारण एस.एल.सी पश्चात् विभिन्न विषयको अध्ययनमा सरकारले वितरण गर्ने छात्रवृत्ति प्राप्त गर्नका लागि नै ९ कक्षा पश्चात निजीबाट सरकारी विद्यालयमा भर्ना हुने विकृतिको विकास भइरहेको छ भने वास्तवमा नै गरिब र जेहेन्दारले छात्रवृत्ति प्राप्त गर्नबाट बञ्चित पनि भइरहेका छन् तसर्थ उक्त विभेदपूर्ण नीतिको अन्त्य गर्दै धनी र गरिबको आधारमा भन्दा पनि क्षमता र उत्कृष्टताको आधारमा छात्रवृत्ति वितरण गर्ने नियम लागू गर्न परिषद्को यो बैठक सरकारसमक्ष जोडदार माग गर्दछ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

मंसीर ८ र ९, २०७० । धनगढी, कैलाली

**प्रस्ताव क्रमाङ्क -२ समसामयिक प्रस्ताव**

**संविधानसभाको चुनाव एवं देशको वर्तमान अवस्था**

लामो समयको अन्योलता पश्चात् पुनः संविधानसभाको दोस्रो निर्वाचन भर्खरै मात्र (मंसीर ४, २०७०) सम्पन्न भएको छ । गत संविधानसभाको चुनाव पश्चात संविधान निर्माण गर्नका लागि खर्च गरिएको पाँच बर्षे अवधिमा शान्ति प्रक्रियाका हतियार व्यवस्थापन, लडाकु समायोजन लगायतका महत्वपूर्ण कार्यहरु सम्पन्न भएको छ जुन अत्यन्तै स्वागत र अभिनन्दनीय कार्य छ । तर पनि समग्र नेपाली जनताले कल्पना गरेको सुन्दर, शान्त र समृद्ध नेपाल निर्माण गर्ने आधार भनिएको संविधान भने निर्माण हुन सकेन । २०६९ ज्येष्ठ १४ मा पहिलो संविधान सभाको अवशान पछिको लामो समयको अन्योलताको बीचमा दशकौं राजनीतिक दलहरुको अथक प्रयासबाट पनि दलीय सरकारको निर्माण हुन सकेन जसको परिणाम स्वरुप राजनीतिक दलको असफलताको प्रतीककारुपमा सर्वोच्च अदालतका प्रमुख न्यायाधिश खिलराज रेग्मीको नेतृत्वमा गठित चुनावी सरकारको लामो प्रयास बाट पुनः भर्खरै दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भएको छ । विश्वकै महङ्गो संविधानसभाको निर्वाचनको रुपमा रहेको यस निर्वाचनलाई नेपालको इतिहासको अत्यन्तै महत्वपूर्ण र सफल चुनावको रुपमा व्याख्या गरिएको छ जसमा ७० प्रतिशत भन्दा बढि मत खसेका थिए । जसको प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल मुक्तकण्ठले प्रशंसा गर्दै उक्त चुनाव सफल गराउनका लागि निर्वाचन आयोग, सम्पूर्ण राजनीतिकदल, प्रहरी प्रशासन, निजामति प्रशासन, सञ्चारमाध्यम लगायतले निर्वाह गरेको महत्वपूर्ण भूमिकाको लागि सबैमा परिषद धन्यवाद ज्ञापन गर्दछ ।

संविधान निर्माणको प्रक्रिमामा बहस् कै रुपमा रहिरहेका राज्यको पुनःसंरचना, संघीयताको स्वरुप, प्रदेशको संख्या, प्रदेशको बाँडफाँडको आधार के हुने भन्ने लगायतका विषयमा सबै राजनीतिक दलको सहमति नहुँदा गत संविधानसभाको अवशान भएको कुरा छर्लङ्गै छ । अब विगतमा उठ्ने गरेका जातिय संघीय राज्यको माग र बहस्लाई भने भर्खरै मात्र सम्पन्न निर्वाचनको परिणामले अन्त्य गरिदिएको छ । समग्र नेपाली जनता जातिय राज्यको विपक्षमा रहेको जनताले स्वयं प्रमाणित गरिदिइसकेका छन् ।

एकातिर देशको राजनीतिक अवस्था सकारात्मक परिवर्तनको दिशातर्फ अगाडि बढिरहेको छ भने अर्कोतिर लामो समयदेखि देशमा विकास निर्माणका कार्यहरु अस्तव्यस्त बनिरहेका छन् । देश दिन प्रतिदिन धरासायी बन्दै गइरहेको छ । मूल्यवृद्धिले आकाश छोइसकेको छ । दिन प्रतिदिन सामाजिक सद्भावमा खलल् पुगिरहेको छ । मानवीय/सामाजिक मूल्य मान्यतामा ह्रास आइरहेको छ । सामाजिक विकृतिहरु मौलाउँदै गइरहेका छन् । अझै पनि समाजिक विभेदका घटनाले पूर्णरुपमा निष्क्रियाता पाउन सकेका छैनन् । अन्धविश्वासको कारणले अझै पनि आमाहरु कुटिने र गाँउ निकाला हुने घटना रोकिन सकेका छैनन् । अझै पनि सामाजिक अपराध, सशस्त्र समूहको डर त्रास चन्दा आतङ्क समाजमा व्याप्त छ, आम नागरिकले शान्ति र सुरक्षाको प्रत्याभूति गर्न सकेका छैनन् । अबोध बालबालिका देखि वयस्क, बृद्ध सबै विरोध र बमका शिकार बनिरहेका छन् । अन्तरिम संविधानलाई मिचेर व्यापकरुपमा धर्मान्तिरण भइरहेको छ । तराइका क्षेत्रमा घुसपैठ आतङ्ककारी गतिविधिको दर तीव्र गतिमा बढिरहेको छ । तर यसको समाधान तथा व्यवस्थापन तर्फ भने सरकार तथा राजनीतिक दलहरुको ध्यान पुगेर पनि राजनीतिक संरक्षण मिल्नु अत्यन्तै दूर्भाग्यपूर्ण छ । जसप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिमि बैठक सरकारको ध्यानाकर्षण गराउँछ ।

अन्तरिम संविधानको धारा २३ को उपधारा १ को (ग) ले निषेध गरेको लोभ लालच र प्रलोभनका आधारमा धर्मान्तरण गर्न नपाईने कानुनलाई वेवास्ता गर्दै सामाजिक र सेवाको कार्य गर्ने नाममा दर्ता भएका अनेकौं गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु खुलेआम धर्मान्तरणको कार्य गरिरहेका छन् । स्वास्थ्य/सेवा/गरिबी/रोजगारी/शिक्षा/विकास आदिको नाममा सोझा साझा जनतालाई ललाई फकाई धर्मान्तरण गर्ने कार्य समाजमा तीव्र गतिमा बढिरहेको छ । जसप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय

कार्यकारिणी समिति बैठक सरकारको ध्यानाकर्षण गराउँदछ । साथै अन्तरिम संविधान २०६३ ले जनताको मर्म र भावना विपरीत घोषणा गरेको धर्मनिरपेक्षतालाई खारेजी गरी नेपाललाई हिन्दूराष्ट्र घोषणा गर्नका लागि समेत परिषद्को यो केन्द्रीय कार्यकारिणी समिति बैठक सरकार एवं सम्पूर्ण राजनीतिक दलसँग जोडदार माग गर्दछ ।

धर्म निरपेक्षताको अर्थ हिन्दू धर्मको विरोध मात्र गर्ने, अन्य समुदाय मुस्लिम र क्रिश्चियनले कानुनलाई मिचेर जे गर्दा पनि हुने तर हिन्दू समाज बोल्न नहुने र सहेर बस्नु पर्ने भन्ने अर्थ बनेको छ । धर्म निरपेक्षताको गलत व्याख्या गरी ९४ प्रतिशत हिन्दू जनसंख्या रहेको समाजमा हिन्दुत्वको कुरा गर्दा अतिवादी र विस्तारवादीको संज्ञा दिँदै अल्पमतमा परेकाको मात्र कुरा सुन्ने र उनीहरुको भोटका लागि मात्र वकालत गर्ने राजनीतिक दलहरु र सरकारी संयन्त्रको कारणले गर्दा समाजमा धार्मिक विभेदको वातावरण सिर्जना भएको छ । जसले भविष्यमा धार्मिक द्वन्द्व ननिम्त्याउला भन्न सकिँदैन । समाजमा गौहत्याका घटनाहरु दिनप्रतिदिन बढ्दै गइरहेका छन् । सयौं बर्ष पुराना मठ मन्दिर तथा गुम्बाहरु संरक्षण विहिन बनेका छन् तर त्यस प्रति सरकारको ध्यान नपुग्नु अत्यन्तै दूर्भाग्यपूर्ण छ । एकातिर नेपालका राजनीतिक दलहरु हिन्दूधर्मलाई एउटा निश्चित संस्था र तन्त्र व्यवस्थासँग जोडेर व्याख्या गरिरहेका छन् भने अर्कातिर धर्मकै आडमा रहेर मुश्लिम धार्मिक आयोग गठन गर्नका लागि सहयोग गरिरहेका छन् ।

जुन धर्मनिरपेक्षताको मर्म विपरीत छ । जसप्रति परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट छ । साथै त्यस्ता गतिविधिको अन्त्य गर्दै समाजमा तुरुन्त धर्मान्तरणको कार्य, गौहत्या, धार्मिक विभेद लगायतका धार्मिक आस्थामा आँच आउने किसिमका गतिविधिलाई रोक्नका लागि कडा नीति निर्माणका लागि सरकारसँग जोडदार माग गर्दछ ।

सेवाको नाममा खडा भएर विदेशी आइ.एन.जि.ओसँग सहकार्य गरी नेपाली समाजमा धर्मान्तरणको कार्यलाई सहयोग गरिरहेका एन.जि.ओ.र आइ.एन.जि.ओ.को निगरानी गरी उनीहरुमाथि तुरुन्त कार्यवाही गर्नका लागि परिषद्को यो बैठक सरकारसँग जोडदार माग गर्दछ । साथै देशमा दर्ता भएका ३८ हजार भन्दा बढि गैर सरकारी संस्था तथा १७० भन्दा बढि अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाको सत्य तथ्य अनुगमन गरी उनीहरुका क्रियाकलाप तथा गतिविधिलाई सरकारी मातहतमा सञ्चालन गर्ने नीति निर्माण गरी तुरुन्त त्यसलाई कार्यान्वियन गर्नका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसँग जोडदार माग गर्दछ ।

राजनीतिक अस्थिरता, असुरक्षा आदिको कारणले युवापुस्तामा समाज र राष्ट्रप्रति नै नैराश्यताको भावना उत्पन्न भइरहेको छ । यता सरकारले नेपालमा उचित रोजगारीको अवसरको सिर्जना गर्न नसक्दा देशका लाखौं युवाहरु विदेश पलायन भइरहेका छन् र विदेशमा नै स्थायी बनिरहेका छन् जसको कारण समाजमा दिनप्रतिदिन युवापुस्ता पातलिँदै गइरहेको छ जसको प्रत्यक्ष असर जनसंख्यामा देखिन थालिसकेको छ । त्यसकारण रोजगारी, शिक्षा तथा अन्य विभिन्न बहानामा विदेशमा गइ पलायन हुने प्रवृत्तिको अन्त्यका लागि सरकारले तुरुन्त ठोस कदम चाल्नका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसमक्ष जोडदार माग राख्दछ ।

देशमा बढ्दै गइरहेको आर्थिक दुरावस्थाको अन्त्यका लागि बन्द हुँदै गइरहेका उद्योग कलकारखानालाई निर्वाधरुपमा सञ्चालन हुने वातावरण सिर्जना गर्दै औद्योगिक क्षेत्रमा बढ्दै गइरहेको दलीय राजनीतिक हस्तक्षेत्र र प्रभावलाई कम गर्नको लागि सरकारले निश्चित नीति निर्माण गर्नका लागि परिषद्को यो बैठक जोडदार माग गर्दछ ।

राज्य विभिन्न दृष्टिकोणबाट चुनौतीपूर्ण बन्दै गइरहेको अवस्थामा तराईका प्रायः जिल्लाका सिमानामा व्यापकरुपमा बङ्गलादेशी मुश्लिमहरुको घुसपैठी बढिरहेको छ । साथै नेपाली चेलीलाई ललाई फकाई प्रेमको नाटक गरी विवाह गर्ने सरियतको नाममा भन्दै परिवार नियोजन पनि नगर्नै अनि अत्यधिक सन्तान उत्पानद गर्ने कार्यले तराईका कैँयौ जिल्लाहरुमा दिनप्रतिदिन मुश्लिमको जनसंख्यामा तीव्र गतिमा वृद्धि भइरहेको छ भने अर्कातिर हिन्दू समाजका चेलिबेटीहरु असुरक्षित बन्दै गइरहेका छन् साथै नेपाल र भारतका सिमानाहरुमा हातहतियारको चोरी पैठारी, तथा आतंककारी गतिविधिहरुमा वृद्धि भइरकेको छ । जस प्रति सरकारको ध्यान पुग्न सकेको छैन त्यसकारण प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसँग तराईमा

चुनौतीको रुपमा बढ्दै गइरहेको बङ्गलादेशी मुश्लिमहरुको घुसपैठलाई रोक्नका कडा भन्दा कडा नीति निर्माण गर्दै नेपालका पूर्वी सिमानामा व्यापक सुरक्षा व्यवस्था मिलाउनका लागि आग्रह गर्दछ ।

नेपाल-भारतका सिमानामा कुटनीतिक मर्यादालाई मिचेर समय समयमा हुने विभिन्न अनपेक्षित असामाजिक गतिविधि एवं क्रियाकलापलाई रोक्नका लागि नेपाल भारतका सिमानामा रहेका सरकारी संयन्त्रसँग समय समयमा बहस् तथा छलफल सञ्चालन गर्ने वातावरण सिर्जना गर्दै सिमानामा भइरहेका अमर्यादित गतिविधिलाई रोक्नका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसँग जोडदार माग गर्दछ ।

अन्त्यमा सरकार मात्र कुनै समुदाय, वर्ग, क्षेत्र र विचारका लागि कार्य गर्ने साधन होइन । सरकारले समग्र हिमाल पहाड तराईका सम्पूर्ण नागरिकको गास, वास, कपास, सुरक्षा, स्वास्थ्य तथा आर्थिक विकासका लागि उचित वातावरण सिर्जना गर्नु पर्ने हुन्छ । तर वर्तमान नेपालको मूल्याङ्कन गर्ने हो भने त्यसो देखिँदैन । अतः भर्खरै मात्र सम्पन्न संविधानसभाको चुनाव पश्चात् बन्ने सरकारको ध्यान संविधान निर्माणको प्रक्रियाका साथ साथै समग्र नेपालको आर्थिक, सामाजिक र राजनीतिक स्थिरताको क्षेत्रमा पनि पुग्न सकोस् एवं देशको मूल कानुन संविधानमा न्यायपालिका र कार्यपालिकाको पूर्ण स्वतन्त्रता, लोकतन्त्रको पूर्ण प्रतिबद्धता र त्यसको संस्थागत विकास, मानवाधिकारको सुरक्षा एवं प्रत्याभूति, प्रेस तथा वाक् स्वतन्त्रता लगायतका विषयहरुलाई संविधानमा सुनिश्चित गर्न सकोस् र एउटा समृद्ध राष्ट्र बनोस् हाम्रो कामना छ ।

नेपाल आमाको-जय !